त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखा बल्खु

मितिः २०८२।१।२

## स्नातकोत्तर तह B.Ed. ICT & SNE आठौं सेमेष्टरको पुरक परीक्षा (Makeup Exam) को परीक्षा आवेदन फारम भर्ने सम्बन्धी सूचना

यस संकायअन्तर्गत सेमेष्टर प्रणालीमा आधारित **स्नातक तह B.Ed. ICT. & SNE आठौं सेमेष्टरको** यही २०८१ साल फागुन महिनामा प्रकाशन भएको **नियमित परीक्षामा** बढीमा २ विषय (**सैद्धान्तिक मात्र**) मा अनुत्तिर्ण भएका तथा अघिल्ला सेमेस्टरहरुको सबै परीक्षामा उत्तीर्ण विद्यार्थीहरुका लागि मौका/पुरक परीक्षाको व्यवस्था गरिएको हुँदा सम्बन्धित विद्यार्थीहरुलाई आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी यस संकायको वेवसाईट www.tufoe.edu.np मा रहेको परीक्षा फारम डाउनलोड गरी आवश्यक विवरण भरी भौतिक फाराम सम्बन्धित क्याम्पसमा यही २०८२ साल वैशाख १७ गतेसम्म बुझाइसक्नु हुन सूचित गरिन्छ ।

- परीक्षा आवेदन फारमवापत मौका/पुरक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. २५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ र परीक्षा फारमका साथ अघिल्ला सबै सेमेस्टर उत्तीर्ण भएको प्रतिलिपि ग्रेडसिटहरु तथा आठौं सेमेस्टरको प्रतिलिपि ग्रेडसिट (नतिजा मिति २०८१/११/५) संलग्न गर्नुपर्नेछ ।
- परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र ( अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि संलग्न गर्नुपर्नेछ । साथै तोकिएको ठाउँमा सम्बन्धित क्याम्पसका अधिकारीले दस्तखत गरी क्याम्पसको छाप समेत लगाउनु पर्नेछ ।
- परीक्षा फारममा विद्यार्थीहरुले दुईप्रति पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो टाँस गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लेखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले अघिल्ला सेमेस्टरहरुको सबै परीक्षा उत्तीर्ण भई २०८१/११/५गते प्रकाशन भएको आठौं सेमेस्टरको नियमित परीक्षामा बढीमा २ विषय (सैद्धान्तिक) मात्र अनुत्तीर्ण विद्यार्थी भएको यकिन गरी मात्र परीक्षा फारम बुझि लिनु पर्नेछ ।
- सम्बन्धित क्याम्पसहरुले परीक्षा फारामवापत संकलित शुल्क यही २०८२ साल वैशाख १८ गतेभित्र यस संकायको नेपाल बैंक लिमिटेडमा रहेको खातामा दाखिला गरी सो को सक्कल भौचर र संकलित परीक्षा फारम यही २०८२ साल वैशाख २० गतेसम्म परीक्षा नियन्त्रण महाशाखा बुझाइ सक्नु पर्नेछ ।
- मौका/पुरक परीक्षाको परीक्षा यही २०८२ साल वैशाखको अन्तिम साता सञ्चालन गरिनेछ र परीक्षा केन्द्र श्री जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौ कायम गरिएको छ ।

सहायक डीन